नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.:-

## प्रेस विज्ञप्ति

हालै मध्यपूर्वमा विकसित घटनाक्रम र यसबाट त्यहाँ रहेका नेपालीहरूमा पर्न सक्ने प्रभावसमेतका विषयमा छलफल गर्न नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा सरोकारवाला मन्त्रालयका सचिव एवम् उच्च पदस्थ कर्मचारीहरूको उपस्थितिमा आज मिति २०८२/११/१७ मा बैठक बसी देहायबमोजिमका निर्णय गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१. इरानलगायत मध्यपूर्वमा रहेका देशहरूमा सिर्जना भएको वर्तमान अवस्थामा नेपालबाट विदेश भ्रमण गर्ने तयारीमा रहेका हवाइयात्रुहरू, वैदेशिक रोजगारी एवम् अध्ययनको सिलसिलामा विदेश यात्राको तयारीमा रहेका व्यक्तिहरू एवम् मध्यपूर्वका विभिन्न मुलुकहरूमा रहेका नेपाली नागरिकहरूको तत्काल देखा परेका समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयहरू (परराष्ट्र मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; गृह मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) ले आपसी समन्वयमा आवश्यक कार्य गर्ने।

२. विदेशमा रहेका एवम् विदेश जाने प्रक्रियामा रहेका नेपाली नागरिकहरूको सुरक्षालाई पहिलो प्राथमिकता राखी तत्काल आवश्यक कदम चाल्ने।

३. मध्यपूर्वका देशहरूमा रहेका कुनै नेपाली नागरिकहरू समस्यामा परेको अवस्थामा तत्काल जानकारी लिनको लागि परराष्ट्र मन्त्रालय एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सम्बन्धित राजदुतावासहरूले Hot Line को व्यवस्था गर्ने।

४. परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मध्यपूर्वमा रहेका नेपाली नागरिकहरूको सुरक्षा सुनिश्चितताका लागि विदेशस्थित नेपाली नियोगहरूमार्फत आवश्यक व्यवस्था मिलाउने।

वि.सं. २०८२/११/१७
ने.सं. ११४६ चिल्लाथ्व त्रयोदशी, आइतबार

हेमराज अर्याल
सहसचिव/प्रवक्ता

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२४, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

Scanned with CamScanner